
आर्थिक वर्ष २०८२/०८३ को

वार्षिक प्रगति प्रतिवेदन



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, मोरङ

(मोरङ, सुनसरी, उदयपुर, धनकुटा, संखुवासभा)

प्रकाशकीय



तथ्याङ्क समन्वय कार्यालय मोरङद्वारा आ.व. २०८२/०८३ मा सम्पादन भएका विभिन्न कार्यहरूको विस्तृत व्याख्या र विवेचना सहित यो प्रतिवेदन तयार पारिएको छ । कार्यालयले सम्पादन गरेका कार्यहरूको अलावा कार्यालय गठनको इतिहास, कार्यालयको कार्य जिम्मेवारी तथा सो जिम्मेवारी पूरा गर्ने क्रममा देखिएका समस्याहरू तथा त्यस्ता समस्याको सम्भावित समाधान समेत यस प्रतिवेदनमा समावेश गरिएको छ। यसैगरी कार्यालयको भौतिक तथा वित्तीय अवस्था, कर्मचारी सम्बन्धी विवरण र कार्यालयको कार्यक्षेत्र सम्बन्धी केही मुख्य तथ्याङ्कहरू समेत यसमा समावेश गरिएको छ । विगतमा गरिएका कार्यहरूलाई लिपिबद्ध गरी तिनबाट प्राप्त सिकाइहरूबाट आगामी दिनमा गरिने तथ्याङ्कीय क्रियाकलापहरूलाई अझ बढी प्रभावकारी बनाउन प्रयोग गरिएमा यस प्रतिवेदनको प्रकाशनले सार्थकता पाउने देखिन्छ ।

प्रतिवेदन तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा खटिनु हुने यस कार्यालयका सम्पूर्ण सहकर्मी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

आफ्ना अमूल्य सल्लाह सुझाव प्रदान गरी यस प्रतिवेदनमा हुन गएका कमीकमजोरी तथा त्रुटिहरूलाई औँल्याई सुधार गर्ने कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण प्रयोगकर्ताहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

सुबास अधिकारी
तथ्याङ्क समन्वय अधिकारी
तथ्याङ्क समन्वय कार्यालय, मोरङ

विषयसूची

विवरण	पेज नम्बर
१. जिल्ला परिचय	१
१.१ जिल्लाको भौगोलिक अवस्था	१
१.२ आधारभूत जनसांखिक विवरण	२
१.३ राजनैतिक/प्रशासनिक विभाजन	३
१.४ जलवायु	४
१.५ भू-उपयोग सम्बन्धी विवरण	४
१.६ भौगोलिक वनावट (टोपोग्राफी)	४
१.७ प्रमुख नदी, खोला तथा जलभण्डार	५
१.८ ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू	६
१.९ जातजाति, भाषा तथा धर्म	६
१.१० प्रमुख चाडपर्व तथा रीतिरिवाज	६
१.११ आर्थिक आधार	७
२. तथ्याङ्क समन्वय कार्यालय मोरङको परिचय	८
२.१ तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यालय रहने स्थान, कार्यक्षेत्र र समन्वय गर्नुपर्ने स्थानीय तहको संख्या	९
२.२ तथ्याङ्क समन्वय कार्यालयको नागरिक बडापत्रः	११
२.३ संगठनात्मक संरचनाः	१३
२.३ नयाँ संगठन संरचनाः	१३
२.५ तथ्याङ्क समन्वय कार्यालय मोरङको पदपूर्ती सम्बन्धी विवरण	१४
२.६ तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण	१५
३. तथ्याङ्क समन्वय कार्यालय मोरङबाट आ.व.२०८२/०८३ मा सम्पादित कार्यहरू	१५
३.१ मूल्य सूचकाङ्क	१५
३.२ राष्ट्रिय लेखा	१७
३.३ राष्ट्रिय आर्थिक गणना २०८२	२१
३.४ पालिका प्रोफाइल	२१
३.५ तथ्याङ्कीय साक्षरता	२२
३.६ सर्वेक्षणहरू	२२
३.७ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) कार्यान्वयनको अनुगमन	२४
३.८ तालिम/गोष्ठी/कार्यक्रम	२४
३.९ तथ्याङ्क समन्वय कार्यालय मोरङको समन्वयमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालित कार्यक्रमहरू	२६
४. वार्षिक प्रगति सम्बन्धी विवरण	२६
४.१ वार्षिक प्रगति सम्बन्धी विवरण	२६

४.२	विभिन्न वर्षका वार्षिक बजेट सम्बन्धी विवरण	३०
४.३	भौतिक अवस्था	३२
५.	**विविध**	३६
५.१	विद्यमान समस्या पहिचान र समाधान	३६
५.२	कोशी प्रदेशका स्थानीय तहको कोड	३८
५.३	कोशी प्रदेशको स्थानीय तहसम्मको नक्शा	४१
	अनुसूची तथा तस्बिरहरू	४१-५८

१. जिल्ला परिचय :

जनसंख्याका दृष्टिकोणले नेपालको दोस्रो ठूलो जिल्ला मोरङ प्राचीनकालमा विराट राजाको राजधानीको रूपमा रहेको थियो भन्ने भनाइ छ । कालान्तरमा यसै जिल्लामा "हाङ" नामक किराँती राजाले राज्य सञ्चालन गरेको पाइन्छ । त्यसबेला यहाँको प्रशासन क्षेत्रलाई "मावारङ" भनिन्थ्यो । पछि मावारङ भन्ने शब्द नै अपभ्रंश भई मोरङ भन्न थालिएको हो भने किंवदन्ती रहेको पाइन्छ । प्रारम्भमा मोरङ जिल्ला भन्नाले हालको झापा तथा सुनसरी जिल्ला समेत समेटिएको क्षेत्र बुझिन्थ्यो । वि.सं. २०१८ सालमा अञ्चल तथा जिल्ला विभाजन हुँदा हालको स्वरूपमा जिल्लाको आकार बन्न गएको हो । न्यूनतम ७० मिटरदेखि उच्चतम २४१० मिटरसम्मको उचाइमा फैलिएको यस जिल्लाको पूर्व पश्चिम औसत लम्बाई ४६ किलोमिटर र उत्तर दक्षिण औसत चौडाई ५४ किलोमिटर रहेको छ । दक्षिणमा विराट राजाको दरबारदेखि उत्तरमा रमिते खोलाको मिक्लाजुङ डाँडासम्म यो जिल्लाको रमणीय भूभाग फैलिएको छ । उष्ण र समशीतोष्ण हावापानी भएको यस जिल्लामा अधिकतम तामक्रम ४२ डिग्री सेल्सियसदेखि न्यूनतम ३ डिग्री सेल्सियसमम्म पुग्दछ । यहाँ औसत वार्षिक १८१२ मिलिमिटर वर्षा हुने गरेको पाइन्छ । यस जिल्लाका १७ वटा स्थानीय तहहरूमध्ये आठवटा गाउँपालिका आठवटा नगरपालिका र एउटा महानगरपालिका रहेका छन् । यस जिल्लाका ६ वटा स्थानीय तहको सिमाना भारतसँग जोडिएको छ । मोरङमा ६ वटा प्रतिनिधि सभाका निर्वाचन क्षेत्र रहेका छन् भने १२ वटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेका छन् । मोरङ जिल्लामा रहेका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरूमा विराट राजाको दरबार, धनपालगढी राजारानी पोखरी, राजा धनपालथान सुनवर्षी पोखरी, बाघझोडा, सप्तकन्या गुफा, महादेव पार्वती गुफा मिक्लाजुङ डाँडा, हरिश्चन्द्रगढी, कानेपोखरी, चुलीपोखरी आदि मुख्य रहेका छन् । पर्यटकीय स्थलको रूपमा जेफाले डाँडा, बेतना सिमसार, गोकर्ण रिसोर्ट, गोकुलम रिसोर्ट, त्रिवेणी रिसोर्ट, विराट राजाको दरबार, सिंहदेवीको चियाबगान आदि प्रमुख पर्यटकीय स्थलको रुपमा रहेका छन् ।

१.१ जिल्लाको भौगोलिक अवस्था

क्र.स.	विवरण	मान
१	अक्षांश	२६°२०' देखि २६°५३' सम्म
२	देशान्तर	८७°१६' देखि ८७°४१' सम्म
३	क्षेत्रफल	१८५५ वर्ग किमि
४	औसत लम्बाई	४६ किमि
५	औसत चौडाई	५४ किमि

६	स्थानीय तह संख्या	१७
७	महानगरपालिका संख्या	१
८	नगरपालिका संख्या	८
९	गाउँपालिका संख्या	८
१०	वडा संख्या	१५९
११	प्रतिनिधि सभा निर्वाचन क्षेत्र	६
१२	प्रदेश सभा निर्वाचन क्षेत्र	१२
१३	समुद्र सतहदेखिको उचाइ	६० –२४१० मिटर

१.२ : आधारभूत जनसांख्यिक विवरण

सि.नं.	विवरण	एकाई	मान
१	जम्मा जनसंख्या	जना	११४८१५६
२	पुरुषको जनसंख्या	जना	५५७५१२
३	महिलाको संख्या	जना	५९०६४४
४	जम्मा जनसंख्यामा जिल्लाको जनसंख्याको अंश	प्रतिशत	३.९४%
५	लैङ्गिक अनुपात	प्रतिशत	९४.३९
६	घरपरिवार संख्या	संख्या	२७२२८३
७	औसत परिवार सदस्य संख्या	जना	४.२२
८	वार्षिक जनसंख्या वृद्धिदर	प्रतिशत	१.६६%
९	जनघनत्व प्रति वर्ग किलोमिटर	जना प्रति वर्ग किमि.	६१९
१०	अनुपस्थित जनसंख्या) विदेशमा रहेको	जना	७५८६८
११	अपाङ्गता भएको जनसंख्या	जना	२२१२८
१२	अपाङ्गताको दर	प्रतिशत	१.९०%
१३	अपाङ्गताको दर महिला	प्रतिशत	१.७०%
१४	अपाङ्गताको दर पुरुष	प्रतिशत	२.२०%
१५	सरकारी अस्पताल	संख्या	८
१६	प्राथमिक स्वास्थ्य केन्द्र	संख्या	६
१७	स्वास्थ्य चौकी	संख्या	६२

सि.नं.	विवरण	एकाई	मान
१८	आधारभूत स्वास्थ्य केन्द्र	संख्या	६४
१९	नगर स्वास्थ्य केन्द्र	संख्या	६
२०	सामुदायिक स्वास्थ्य इकाई	संख्या	७
२१	वर्थिङ्ग सेन्टर	संख्या	२३
२२	गाउँघर क्लिनिक	संख्या	२९७
२३	खोप केन्द्र	संख्या	३४८
२४	महिला स्वास्थ्य स्वयंसेविका	संख्या	७५०
२५	कुल साक्षरता दर	प्रतिशत	७९.००%
२६	पुरुष साक्षरता दर	प्रतिशत	८५.००%
२७	महिला साक्षरता दर	प्रतिशत	७३.००%
२८	सामुदायिक विद्यालय	संख्या	९४०
२९	संस्थागत विद्यालय	संख्या	३४१
३०	धार्मिक विद्यालय	संख्या	२७
३१	सामुदायिक वन	संख्या	१३४
३२	निजी वन	संख्या	६३८
३३	हुलाक निर्देशनालय	संख्या	१
३४	पालिका हुलाक	संख्या	१७
३५	अतिरिक्त हुलाक	संख्या	५१
३६	एफ् एम् रेडियो	संख्या	१६
३७	जम्मा आर्थिक एकाई	संख्या	३५,२४७
३८	आर्थिक एकाई/प्रतिष्ठानमा संलग्न जनसंख्या	जना	१२७,८८७
३९	जम्मा कृषि चलन संख्या	संख्या	१४५३१८
४०	कृषि चलनको कित्ता संख्या	संख्या	२८९०१४
४१	कृषि चलनको औसत कित्ता संख्या	संख्या	२

स्रोत: मोरङ जिल्लाको तथ्याङ्कीय रूपरेखा २०८०

१.३ राजनैतिक/प्रशासनिक विभाजन

हाल यस जिल्लामा १७ वटा स्थानीय तह रहेका छन् । जसमध्ये एक महानगरपालिका, आठ नगरपालिका र आठ वटै गाउँपालिका रहेका छन् । १७ वटा स्थानीय तहहरूमा जम्मा १५९ वटा वडाहरू रहेका छन् । जनसंख्याका हिसाबले विराटनगर महानगरपालिका सबैभन्दा ठूलो रहेको छ । जसको जनसंख्या

२,४३,९२७ रहेको छ भने बाँकी स्थानीय तहहरूमध्ये सुन्दरहरैँचा नगरपालिकामा सबैभन्दा बढी १,२०,२१३ मानिसको बसोबास रहेको छ भने सबैभन्दा कम जनसंख्या मिक्लाजुङ गाउँपालिकाको रहेको छ जहाँ ३३,१६७ मानिसको बसोबास रहेको छ। क्षेत्रफलका हिसाबले केराबारी गाउँपालिका सबैभन्दा ठूलो (२१९.८३ वर्ग किलोमिटर) रहेको छ भने ५६.८ वर्ग किलोमिटर क्षेत्रफल भएको बुढीगंगा गाउँपालिका जिल्लाको सबैभन्दा सानो स्थानीय तहका रूपमा रहेको छ। मोरङ जिल्लालाई प्रतिनिधि सभाका लागि छ वटा र प्रदेश सभाका लागि बाह्र वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ।

१.४ जलवायु

यो जिल्ला भौगोलिक रूपमा मुख्यत: तराई र पहाड समेत मिलेर बनेको हुँदा यहाँको जलवायु पनि एकै किसिमको नभई विभिन्न प्रकृतिको रहेको छ। सन् २०२२ मा जल तथा मौसम विज्ञान विभागको विराटनगर स्थित मौसम मापन केन्द्रमा मापन भएको तापक्रम अनुसार विराटनगरको औसत न्यूनतम तापक्रम फेब्रुअरी महिनामा सबैभन्दा कम अर्थात् ९.६ डिग्री सेल्सियस देखिएको छ भने औसत अधिकतम तापक्रम जुलाई महिनामा ३३.७ डिग्री सेल्सियस मापन भएको देखिएको छ। त्यस्तै सोही तथ्याङ्कका अनुसार विराटनगरमा सो वर्षको जुन महिनामा सबैभन्दा बढी ५१० मिलिमिटर वर्षा भएको पाइएको छ। केन्द्रीय तथ्याङ्क विभागबाट सन् २०१९ मा प्रकाशित नेपाल वातावरण तथ्याङ्क प्रतिवेदनका अनुसार सन् २००८ देखि २०१५ सम्मको तथ्याङ्क हेर्दा विराटनगर क्षेत्रमा एक वर्षमा औसत ६.२७ घण्टा प्रतिदिन घाम लाग्ने गरेको देखिन्छ। सो अवधिमा सबैभन्दा कम सन् २०१५ मा ५.१७ घण्टा प्रतिदिन घाम लागेको पाइयो भने सबैभन्दा बढी सन् २०१२ मा ७.१ घण्टा प्रतिदिन घाम लागेको पाइयो।

१.५ भू-उपयोग सम्बन्धी विवरण

भूउपयोगका दृष्टिले हेर्दा मोरङ जिल्लाको तराई क्षेत्रमा उत्पादनशील जमिन रहेको छ। त्यसै गरी महेन्द्र राजमार्गको उत्तरी खण्डको ठूलो भूभाग चारकोशे राष्ट्रिय वनले ढाकेको छ। जिल्लाको अधिकांश भू-भाग तराईमा पर्ने भएतापनि केही क्षेत्रहरू चुरे क्षेत्र हुँदै महाभारत श्रृंखलाको २४१० मिटर उचाई सम्म पुगेको पाइन्छ। केन्द्रीय तथ्याङ्क विभागबाट सन् २०१४ मा प्रकाशन भएको नेपालको वातावरण तथ्याङ्क प्रतिवेदनका अनुसार जिल्लाको ६९.३१ प्रतिशत जमिन कृषि तथा घाँसे भूमिका रूपमा प्रयोग भइरहेको तथा २९.९२ प्रतिशत जमिन वन जंगलले ढाकेको पाइएको छ।

त्यसै गरी राष्ट्रिय कृषिगणना २०७८ को नतिजा अनुसार मोरङ जिल्लामा जम्मा १,४५,३१८ कृषक परिवार रहेको र सो परिवारले जम्मा ९८२३२.६ हेक्टर जग्गा चलन गरेको देखिएको छ। सो नतिजा अनुसार मोरङ जिल्लामा कुल ८७२३४.३ हेक्टर जग्गा खेतीयोग्य रहेको र जसमा ८६०८९.४ हेक्टरमा अस्थायी बाली लाग्ने गरेको तथा २०२२.५ हेक्टर जग्गामा स्थायी बाली लाग्ने गरेको देखिएको छ।

१.६ भौगोलिक वनावट (टोपोग्राफी)

समुद्र सतहबाट ६० मिटरदेखि २४१० मिटरमा अवस्थित जिल्लाको करिव ८० प्रतिशत भूभाग तराई क्षेत्रमा पर्दछ। जमिनको स्वरूप अनुसार साधारणतया यस जिल्लालाई तीन भागमा वाँड्न सकिन्छ।

क. पहाडी भाग (उत्तरको महाभारत पहाड)

जिल्लाको उत्तरी भागमा महाभारत पहाडका श्रेणीहरू पूर्व पश्चिम फैलिएर रहेका छन् । उचाइको दृष्टिकोणले यो क्षेत्र १००० फिट देखि ८००० फिट सम्म पर्न आउँछ । यस क्षेत्रमा मिक्लाजुङ गाउँपालिका, लेटाङ नगरपालिका, तथा केराबारी गाउँपालिका पर्दछ ।

ख. भित्री मधेश (मध्य भागको भावर प्रदेश)

यस जिल्लाको महाभारत लेकको दक्षिणी भागमा पूर्वी सीमादेखि पश्चिम सीमासम्म १२.८ कि.मि. चौडा इलाका भित्र बालुवा, कंकड र ढुङ्गाहरूले भरिएकोले उत्तरबाट दक्षिणतिर बिस्तारै भिरालो पर्दै गएको भावर प्रदेश र चारकोशे झाडी पर्दछ । समुद्र सतहदेखि ५०० फिट देखि १००० फिट सम्मको उचाईमा पर्ने यस क्षेत्रमा मिक्लाजुङ गाउँपालिका, लेटाङ नगरपालिका, केराबारी गाउँपालिका र बेलबारी नगरपालिका पर्दछन् ।

ग. तराई प्रदेश (दक्षिणको समथर भूमि)

यस जिल्लाको भावर प्रदेश भन्दा दक्षिणमा भारतको सिमानासम्म जिल्लाको ५० प्रतिशत भू–भाग तराईको मैदान भित्र पर्दछ । यस क्षेत्रको औसत उचाई ५०० फिट छ । यो भाग पूर्व सीमाना देखि पश्चिम सीमानासम्म फैलिएको नरम पाँगो माटोले भरिएको समथर भूभाग हो । वर्षामा नदीहरूले बगाएर ल्याएको मलिलो माटो यस क्षेत्रमा थुप्रने हुँदा कृषिको लागि यो भाग ज्यादै उर्वर मानिन्छ । मोरङ जिल्लाका अधिकांश स्थानीय तहहरू यसै क्षेत्रमा पर्दछन् ।

१.७ प्रमुख नदी, खोला तथा जलभण्डार

जलभण्डार वा जलस्रोतको हिसाबले मोरङ जिल्ला धेरै समृद्ध नभएतापनि यहाँ विभिन्न खोलानाला तथा पोखरीहरू रहेका छन्। यहाँका खोलानालाहरू विशेषतः दुई प्रकारका छन्। केही खोलाहरू महाभारत क्षेत्रबाट उत्पत्ति भई आएका छन् जसमा खदमखोला, चिसाङ्ग खोला, मावा खोला, रतुवा खोला, बक्राहा खोला आदि हुन् । यी खोलानालाहरूमा हिउँद याममा पनि प्रायः केही पानी बगिरहन्छ । अन्य खोलानालाहरू चुरे श्रृंखलाबाट उत्पत्ति भई बगेका छन् । जसको सिरान खण्डतिर हिउँदमा पानी प्रायः रहन्न भने तराईमा पुगेपछि भने केही पानी बगिरहेको पाउन सकिन्छ । तिनीहरूमा बुढी, सिंगिया, लोहन्द्रा, डाँस, केसलिया, मरियाबक्रा, बेतौना, जुडी, साखारे आदि छन्। अन्य साना खहरे खोलाहरू पनि प्रशस्तै छन् । साथै यस जिल्लामा उल्लेखनीय तालहरू नभएता पनि गाउँ गाउँमा साना तिना पोखरीहरू प्रशस्तै पाइन्छन् । जस मध्ये सुनवर्षी पोखरी, कानेपोखरी र राजारानी धिमाल पोखरीलाई ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । त्यसै गरी पर्यटकीय क्षेत्रमा बेलबारीमा अवस्थित वेतना सिमसार क्षेत्र निकै प्रख्यात रहेको छ भने हाल उर्लाबारीमा रहेको बेतेनी सिमसार क्षेत्र तथा सुन्दरहरैँचा नगरपालिकामा रहेको बाघझोडा सिमसार क्षेत्र र हसिना सिमसार क्षेत्र पनि पर्यटकको आकर्षणको केन्द्र बन्दै गइरहेका छन् । त्यस्तै गरी सुनवर्षी नगरपालिकामै अवस्थित केचना कमल पोखरी पनि स्थानीय पर्यटकको रोजाइमा पर्दै गइरहेको अवस्था छ ।

१.८ ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू

यस जिल्लामा हिन्दु, बौद्ध, इस्लाम, इसाई आदि धर्मावलम्बी अनुसारकै धार्मिक स्थलहरू विभिन्न ठाउँमा रहेका छन् । मोरङ जिल्लामा रहेका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरूमा विराट राजाको दरबार, धनपाल गढी, राजारानी पोखरी (धिमाल दरबार), राजा धनपाल थान, सुनवर्षी पोखरी, बागझोडा, सप्तकन्या गुफा, महादेव पार्वती गुफा, मिक्लाजुङ्ग डाँडा, हरिश्चन्द्र गढी, कानेपोखरी बयरवन, चुली पोखरी आदि मुख्य रहेका छन् । पर्यटकीय स्थलका रूपमा समुद्र सतहदेखि करिब १९८० मिटरको उचाइमा रहेको जेफाले डाँडा (केराबारी गाउँपालिका), बेतना सिमसार (बेलबारी नगरपालिका), सुन्दरहरैंचा नगरपालिकामा रहेका गोकर्ण रिसोर्ट, गोकुलम रिसोर्ट, त्रिवेणी रिसोर्ट, बाघझोडा सिमसार, बेतिनी सिमसार (उर्लाबारी नगरपालिका), धनपालगढी (बेलबारी नगरपालिका), विराट राजाको दरबार (विराटनगर महानगरपालिका), सिंहदेवीको चिया बगान आदि प्रमुख पर्यटकीय स्थलको रूपमा रहेका छन् ।

१.९ जातजाति, भाषा तथा धर्म

राष्ट्रिय जनगणना २०७८ का अनुसार देशमा रहेका कुल १४२ जातजाति मध्ये मोरङ जिल्लामा ११५ जातजातिको बसोबास रहेको छ । त्यसमध्ये सबैभन्दा बढी जनसंख्या क्षेत्री जातिको रहेको छ । सो जाति भन्दा पछि क्रमशः ब्राह्मण (पहाड), थारु, मुसलमान, राई, लिम्बु, राजवंशी जातिको बसोबास रहेको छ । त्यसै गरी नेपालमा बोलिने १२४ मातृभाषा मध्ये मोरङ जिल्लामा ७९ मातृभाषा बोल्ने व्यक्तिहरूको बसोबास रहेको छ । मातृभाषा मध्ये संख्याका आधारमा नेपाली भाषा जिल्लाको पहिलो मातृभाषाका रूपमा रहेको छ भने त्यसभन्दा पछि क्रमशः मैथिली, थारु, राजवंशी, लिम्बु रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को नतिजालाई हेर्दा मोरङ जिल्लामा पनि नेपालमा भएका १० वटै धर्मका अनुयायीहरू रहेका छन् । जिल्लामा ८१.४७ प्रतिशत जनसंख्या सहित हिन्दु धर्मावलम्बीको बहुलता रहेकोछ भने त्यसपश्चात क्रमशः किराँत, इस्लाम, बौद्ध र क्रिस्चियन धर्मावलम्बीहरू रहेका छन् ।

१.१० प्रमुख चाडपर्व तथा रीतिरिवाज

यस जिल्लामा मनाइने प्रमुख चाडपर्वहरूमा दशैँ, तिहार, छठ, फागुपूर्णिमा, ईद, माघी, उँधौली, उँभौली, ल्होसार, तीज, जितिया, सिरुवा पावनी पर्व आदि पर्दछन् । बैशाख महिनादेखि शुरु हुने सिरुवा पर्व र यस अवसरमा लाग्ने स्थानीय मेलाहरू मोरङ जिल्लाका सांस्कृतिक विशेषता हुन् । त्यस्तै थारु, राजवंशी, धिमाल, सन्थाल आदि जातजातिका आफ्नै मौलिक पहिचान सहितका चाडपर्व तथा परम्परा समेतले जिल्लाको सांस्कृतिक विशेषतालाई थप उचाइ प्रदान गरेका छन् । ईद पर्वको समयमा इस्लाम धर्मावलम्बीहरूले अन्य धर्म तथा समुदायका मानिसहरूलाई समेत निमन्त्रणा गरी शुभकामना आदान प्रदान गर्ने चलन चल्न थालेको तथा पहिले पहिले मधेशी समुदायको चाडको रूपमा रहेको छठ पर्व हाल सबै जाति, समुदाय तथा सम्प्रदायको चाडको रूपमा मनाइन थालेकोले जिल्लाको धार्मिक तथा जातीय सहिष्णुताको आयामलाई थप उचाइ प्रदान गरिरहेको छ ।

बैशाख पूर्णिमा (उँधौली) र मंसिर पूर्णिमा (उँभौली) मा किराँत समुदायका मानिसहरूले आफ्नो कुलपूजा पश्चात् मनाउने साकेला शिली (चण्डीनाथ) र लिम्बुहरूले युवा र युवतीबीच परस्पर सवाल जवाफ

गर्दै नाच्ने धान नाच र गाउने पालङ्गमा गीत पनि यस जिल्लाका विशेष सांस्कृति सम्पदा हुन् । त्यसै गरी लिम्बुहरूको च्याब्रुङ्ग नाच, मैथली समुदायले मनाउने झिझिया नाच तथा जितिया पर्व, धिमाल जातिको धिमाल नाच, सन्थाल जातिले मनाउने बाहा पर्व तथा थारु जातिले मुख्य रूपमा मनाउने माघी पर्वहरू पनि यस जिल्लाका महत्वपूर्ण सांस्कृतिक सम्पदा हुन् । त्यस्तै विराटनगरमा कृष्ण जन्माष्टमीका अवसरमा मनाइने रथयात्रा तथा सो अवसरमा जिल्लाका अन्य स्थानमा मनाइने रथयात्रा समेत जिल्लाका धार्मिक तथा सांस्कृतिक विषेशताका रूपमा रहेका छन् ।

१.११ आर्थिक आधार

१.११.१ कृषि

जिल्लाको जम्मा १८३१७९ हेक्टर क्षेत्रफल मध्ये ६९.३१ प्रतिशत भूभाग कृषियोग्य र घाँसे जमिन रहेको छ । अधिकांश भूभाग तराइमा पर्ने र यहाँको माटोको उर्वरा शक्तिको कारण कृषि क्षेत्र यस जिल्लाको प्रवल सम्भावना बोकेको आर्थिक क्षेत्र हो । यहाँ गछिया खोला, डाँस खोला, लोहोन्द्रा खोला, चिसाङ्ग खोला लगायतका खोलानालामा भएका पानीलाई सदुपयोग गर्न सक्ने हो भने जिल्ला तथा बाहिरी जिल्लामा समेत खाद्यान्न आपूर्ति गर्न सकिने अवस्था हुन्छ । आरजु राइस मिल, रघुपति जुट मिल लगायतको उपस्थितिले कृषिको व्यापारीकरणका लागि उपयुक्त जिल्ला मान्न सकिन्छ । जिल्लाको पहाडी भेगमा फस्टाउँदै गरेको चिया खेती, अम्रिसो, अलैँची, बेसार, अदुवा खेती लगायतका नगदे बाली तथा तराई भेगमा हुने खाद्यान्न बाली, सनपाट तथा उखु खेती लगायतका नगदे बाली तथा पछिल्लो समय पशु तथा पक्षी पालन व्यवसायप्रति देखिएको आकर्षणले कृषिको सम्भावनालाई अरु बढाएको छ ।

१.११.२ वन

करिब २७ प्रतिशत भूभाग वन तथा बुट्यानले ढाकिएको यस जिल्लामा चारकोशे झाडी जस्ता ठूला राष्ट्रिय वन तथा यिनै वनमा आधारित अन्य सामुदायिक वनहरूले स्थानीय जनताको आय आर्जनको भरपर्दो श्रोतको रूपमा काम गरेको छ । बेलबारी तथा आसपासको क्षेत्रमा शुरु गरिएको जडीबुटी खेतीले स्थानीय स्तरमा रोजगारीको अभिबृद्धि हुनुका साथै आय आर्जनको स्रोत पनि थपिएको छ । डिभिजन वन कार्यालय मोरङका अनुसार मोरङ जिल्लामा सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल १७,७४७.०९ हेक्टर रहेको छ । जिल्लामा १३४ वटा सामुदायिक वन (क्षेत्रफल २१,६७०.२० हे.), ६३८ वटा निजी वन (क्षेत्रफल ७७६.५८ हे.), १२ वटा धार्मिक वन (क्षेत्रफल ४६.९३ हे.), २ वटा कवुलियत वन (क्षेत्रफल ७८.०२) र ४ वटा साझेदारी वन (क्षेत्रफल ७२६२.७६ हे.) गरी पाँच किसिमका वन क्षेत्र रहेका छन् ।

१.११.३ खानी तथा उत्खनन्

मोरङ जिल्लामा खानी तथा उत्खनन् क्षेत्रमा उल्लेखनीय प्रतिष्ठान रहेका छैनन् । बेलबारी नगरपालिकामा रहेको पेट्रोल खानीको थप अध्ययन तथा उत्खनन कार्य गर्न सके यस क्षेत्रको विकासमा टेवा पुग्ने सम्भावना देखिन्छ ।

१.११.४ उद्योग, कलकारखाना र व्यापार

राष्ट्रिय आर्थिक गणना २०७५ का अनुसार जिल्लामा रहेको कुल ३५,२४७ आर्थिक प्रतिष्ठान मध्ये एक जना व्यक्ति मात्र संलग्न भई सञ्चालन भएका प्रतिष्ठानको संख्या सबैभन्दा बढी अर्थात् १४,२७७ रहेको छ । यो तथ्याङ्कलाई हेर्दा यस जिल्लामा साना तथा घरेलु उद्योग व्यवसायको प्रचुर सम्भावना रहेको देखिन्छ । कम्तिमा १० जना वा सोभन्दा बढी जनशक्ति संलग्न रही सञ्चालित प्रतिष्ठानको संख्या १,३९९ रहेको छ । आर्थिक गणना २०७५ का अनुसार थोक तथा खुद्रा व्यापार क्षेत्रमा २०,३४४ वटा आर्थिक प्रतिष्ठान रहेको देखिन्छ । कृषि तथा वनजन्य कच्चा पदार्थ यहीँ उत्पादन हुनसक्ने र कृषि क्षेत्रको अधिक जनशक्ति तथा शहरी क्षेत्रको जनशक्तिको उपलब्धताका कारण यस जिल्लामा उद्योगधन्दाको प्रचुर सम्भावना रहेको छ । विद्युत् लगायत उर्जाको पर्याप्त व्यवस्था र औद्योगिक लगानीको वातावरण सहज बनाउनसके उद्योगधन्दा यस जिल्लाको ठूलो र भरपर्दो आर्थिक क्षेत्र बन्न सक्ने तथ्यलाई सुनसरी मोरङ औद्योगिक करिडोर, कोशी राजमार्ग तथा हुलाकी राजमार्ग तथा अन्य सडक आसपास खुलेका उद्योगहरूले प्रष्ट पारेको पाइन्छ ।

जिल्लाका विराटनगर, रंगेली, उर्लाबारी, पथरी, बेलबारी, विराटचौक लगायतका क्षेत्रहरू ठूला व्यापारिक क्षेत्र हुन् । केराबारी, लेटाङ, मधुमल्ला, जाँते लगायतका बजारले पहाडी र तराईका बासिन्दाबीच जिल्लाको आन्तरिक व्यापारका लागि महत्वपूर्ण योगदान गरेका छन् । आर्थिक गणना २०७५ को नतिजालाई हेर्दा जिल्लामा साना तथा ठूला गरी जम्मा २०,३४४ वटा प्रतिष्ठानले थोक तथा खुद्रा व्यापारको कार्य गरेको देखिन्छ ।

१.११.५ होटल, रेष्टुरेण्ट

जिल्लाका प्रमुख शहरी क्षेत्रहरू विराटनगर, विराटचौक, उर्लाबारी लगायतका स्थानमा पर्यटकको आवश्यकतालाई मध्यनजर राखी खोलिएका होटल तथा रेष्टुरेण्टहरू पर्याप्त मात्रामा रहेका छन् । रत्ना होटल, होटल नेपालरिका, होटल इष्टर्न स्टार, बिग होटल, होटल ह्यारिसन प्यालेस, सिटि प्यालेस, स्वागतम होटल, नमस्कार होटल, होटल एशियाटिक आदिलाई जिल्लाका प्रमुख होटलका रूपमा लिन सकिन्छ । राष्ट्रिय आर्थिक गणना २०७५ को तथ्याङ्कका आधारमा जिल्लामा कुल ५,१३४ होटल तथा रेष्टुरेण्ट रहेका छन् ।

२. तथ्याङ्क समन्वय कार्यालय मोरङको परिचय :

नेपालको तथ्याङ्कीय प्रणालीमा तथ्याङ्क कार्यालयको स्थापना राष्ट्रिय तथ्याङ्क कार्यालयको इतिहाससँग गाँसिएको छ । वैज्ञानिक तरिका अवलम्बन गरी जनगणना गर्ने र अन्य विविध तथ्याङ्कसमेत सङ्कलन गर्ने उद्देश्यले राणाकालमा "जनसङ्ख्या गोश्वरा" र "औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा" स्थापना भएका थिए । त्यस समयमा नेपालको तथ्याङ्क प्रणाली केही हदसम्म विकेन्द्रित रहेको थियो । पछि ती दुई निकायलाई गाभी वि.सं. २००७ साल भाद्र ९ गते केन्द्रीकृत तथ्याङ्क प्रणालीको रुपमा

"सङ्ख्या कार्यालय" को स्थापना भएको थियो । यसै कार्यालय मार्फत् नेपालमा जनगणना २००९-११ सम्पन्न भएको थियो । जसलाई नेपालको प्रथम आधुनिक जनगणनाका रूपमा लिइन्छ । समयानुकूल योजना तर्जुमा र नीति निर्माणका लागि सरकारी तथा गैह्रसरकारी निकायहरूलाई तथ्याङ्कको आवश्यकता र महत्व दिनानुदिन बढ्न थाल्यो । यसै समयमा योजनाबद्ध विकास प्रयासको थालनी समेत भएको सन्दर्भमा वि.सं. २०१५ सालमा तथ्याङ्क ऐन जारी भयो । "जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी कार्यालयहरूको प्रशासकीय निपुणता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न सरकारलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सङ्कलन सम्बन्धी सुविधाको व्यवस्था गर्न र तथ्याङ्क सङ्कलन, संग्रह, प्रकाशन र विश्लेषण गर्ने कामको निमित्त" सोही ऐनमा भएको व्यवस्था बमोजिम २०१५ साल पौष महिनाको १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भयो ।

योजनाबद्ध विकाससँगै तथ्याङ्कको माग एवं सङ्कलन कार्यलाई सहज बनाउन देशका तत्कालीन पाँच विकास क्षेत्रमा (धनकुटा, काठमाडौँ, पोखरा, सुर्खेत र डोटी) क्षेत्रीय तथ्याङ्क कार्यालयको स्थापना भए । त्यस पश्चात वि.सं. २०५० सालमा तथ्याङ्कीय गतिविधिलाई अझ व्यापक र विस्तार गर्ने तथा केन्द्रीय तथ्याङ्क विभागको कार्य सम्पादनमा सघाउ पुऱ्याउने उद्देश्यले पाँच विकास क्षेत्रका क्षेत्रीय कार्यालयहरूलाई खारेज गरी ३३ वटा शाखा तथ्याङ्क कार्यालय स्थापना गरिए । समय क्रमसँगै मुलुक संघीय शासन व्यवस्थापमा प्रवेश गरेको सन्दर्भमा तथ्याङ्कीय क्रियाकलापलाई अझ व्यवस्थित र समय सापेक्ष बनाउने उद्देश्यले वि.सं. २०७९ मा नयाँ तथ्याङ्क ऐन जारी भयो । योसँगै साबिकको केन्द्रीय तथ्याङ्क विभागको स्तरोन्नति भई मिति २०७९ असोज २७ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भयो र ३३ वटा तथ्याङ्क कार्यालयहरू खारेज भई ७७ वटै जिल्लालाई समेट्ने गरी विभिन्न जिल्लामा १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना हुने क्रममा मिति २०८१ साल आषाढ १६ गतेदेखि साबिकको तथ्याङ्क कार्यालय मोरङ खारेज भई तथ्याङ्क समन्वय कार्यालय मोरङको स्थापना भयो । हाल नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली, राष्ट्रिय तथ्याङ्क कार्यालय प्रमुख निकाय भएको एक विकेन्द्रित प्रणालीका रुपमा सञ्चालन भइरहेको छ । मुलुकका १८ वटा तथ्याङ्क समन्वय कार्यालयमध्ये कोशी प्रदेशमा इलाम, मोरङ र खोटाङ गरी तीन जिल्लामा कार्यालय रहेका छन् । तथ्याङ्क समन्वय कार्यालय मोरङको कार्यक्षेत्रमा मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम र संखुवासभा जिल्ला रहेका छन् ।

२.१ तथ्याङ्क समन्वय कार्यालयहरूको कार्यालय रहने स्थान, कार्यक्षेत्र र समन्वय गर्नुपर्ने स्थानीय तहको संख्या: स्थापना भएका कार्यालयहरू मध्ये मधेश, कर्णाली र सुदुरपश्चिम प्रदेशमा दुई-दुई वटा कार्यालय रहेका छन् भने बाँकी प्रदेशमा तीन-तीन वटा तथ्याङ्क समन्वय कार्यालय रहेका छन् । तथ्याङ्क समन्वय

कार्यालय स्थापना भएका स्थान, क्षेत्र अन्तर्गतका जिल्ला र समन्वय गर्नुपर्ने स्थानीय तह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। तथ्याङ्क समन्वय कार्यालय मोरङको कार्यक्षेत्रमा रहेको तेह्रथुम जिल्ला आ.व. २०८२/८३ पश्चात हटाइएको छ भने अन्य कार्यालयको कार्यक्षेत्र पनि केही मात्रामा थपघट भएको छ।

तथ्याङ्क समन्वय कार्यालयहरुको कार्यालय रहने स्थान, कार्यक्षेत्र र समन्वय गर्नुपर्ने स्थानीय तह संख्या

सि नं.	प्रदेश	कार्यालय रहने स्थान	कार्यक्षेत्र	समन्वय गर्नुपर्ने स्थानीय तहको संख्या
१	कोशी	विराटनगर, मोरङ	मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम, संखुवासभा	६०
२	कोशी	इलाम, इलाम	इलाम, पाँचथर, ताप्लेजुङ, झापा	४२
३	कोशी	दिक्तेल, खोटाङ	खोटाङ, ओखलढुङगा, सोलुखुम्बु, भोजपुर	३५
४	मधेश	जनकपुर, धनुषा	धनुषा, सप्तरी, सिराहा, महोत्तरी	६८
५	मधेश	विरगञ्ज, पर्सा	पर्सा, बारा, रौतहट, सर्लाही	६८
६	बागमती	हेटौडा, मकवानपुर	मकवानपुर, चितवन, सिन्धुली	२६
७	बागमती	धुलिखेल, काभ्रेपलान्चोक	काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा	४२
८	बागमती	काठमाडौ, काठमाडौ	काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, रसुवा	५१
९	गण्डकी	पोखरा, कास्की	कास्की, तनहुँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	२३
१०	गण्डकी	गोरखा, गोरखा	गोरखा, लमजुङ, मनाङ	२३
११	गण्डकी	बागलुङ, बागलुङ	बागलुङ, स्याङजा, पर्वत, म्याग्दी, मुस्ताङ	३९
१२	लुम्बिनी	भैरहवा, रुपन्देही	रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु	३३
१३	लुम्बिनी	तानसेन, पाल्पा	पाल्पा, गुल्मी, अर्घाखाँची	२८
१४	लुम्बिनी	घोराही, दाङ	दाङ, बाँके, बर्दिया, रोल्पा, प्यूठान, रुकुम (पूर्वी भाग)	४८
१५	कर्णाली	विरेन्द्रनगर, सुर्खेत	सुर्खेत, सल्यान,जाजरकोट, रूकुम (पश्चिम भाग), दैलेख	४३
१६	कर्णाली	खलङगा, जुम्ला	जुम्ला, मुगु, कालिकोट, हुम्ला, डोल्पा	३६
१७	सुदुर पश्चिम	धनगढी, कैलाली	कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी बझाङ, दार्चुला	६०
१८	सुदुर पश्चिम	दिपायल, डोटी	डोटी, अछाम, बाजुरा	२८

२.२ तथ्याङ्क समन्वय कार्यालयको नागरिक बडापत्रः


राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं. १०९४ (प्रशासन) मिति २०८२/०१/३० को पत्रानुसार यस कार्यालयबाट प्रदान गरिने सेवा र सेवा प्रदान गरिने प्रक्रिया देहाय बमोजिम रहेका छ ।

क्र.सं.	सेवाका प्रकार	पेश गर्नुपर्ने कागजात	सेवा प्राप्त गर्न लाग्ने समय	लाग्ने दस्तुर	जिम्मेवार फाँट/कर्मचारी	कैफियत
१.	गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री	सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र	(क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४,०००।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।- (ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८,०००।-	तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत	
२.	सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री	सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र	(क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३०००।- (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।-	तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत	


क्र.सं.	सेवाका प्रकार	पेश गर्नुपर्ने कागजात	सेवा प्राप्त गर्न लाग्ने समय	लाग्ने दस्तुर	जिम्मेवार फाँट/कर्मचारी	कैफियत
३.	सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने	लिखित निवेदन र निर्णयको प्रतिलिपी			तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत	लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने
४.	प्रकाशन वितरण	लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	निवेदन प्राप्त भएकै दिन	निःशुल्क	प्रशासन फाँट	
५.	पुस्तकालय सेवा	परिचय खुल्ने कागजात	कार्यालय समयभित्र	निःशुल्क	प्रशासन फाँट	

२.३ संगठनात्मक संरचनाः- तथ्याङ्क समन्वय कार्यालय, मोरङको आ.व. २०८२/८३ सम्मको संगठनात्मक संरचना देहाय बमोजिम रहेको छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, मोरङ



२.४ नयाँ संगठन संरचनाः- नेपाल सरकारबाट मिति २०८३/०३/३२ मा राष्ट्रिय तथ्याङ्क कार्यालय तथा तथ्याङ्क समन्वय कार्यालयहरूको नयाँ संगठन संरचना स्वीकृत भई लागु भएको छ । नयाँ संरचना अनुसार कार्यालयको मौजुदा दरबन्दीमा तथ्याङ्क अधिकृत-१, सुपरिवेक्षक-२, गणक-१ र खरिदार-१ गरी जम्मा पाँच वटा दरबन्दी कटौती भएका छन् । नयाँ संगठन संरचना तलको तालिकामा प्रस्तुत गरिएको छ ।



२.५ तथ्याङ्क समन्वय कार्यालय मोरङको पदपूर्ती सम्बन्धी विवरण:- तथ्याङ्क समन्वय कार्यालय मोरङको आ.व. २०८२/८३ सम्मको स्वीकृत दरबन्दीमा पदपूर्ती सम्बन्धी विवरण निम्नानुसार रहेको छ।

क्र.सं.	पद	श्रेणी/तह	सेवा/समूह	स्वीकृत दरबन्दी	पदपूर्ती	कैफियत
१	त.स.अधिकारी	रा.प.द्वितीय	ने.आ.यो.तथ्याङ्क/तथ्याङ्क	१	१	
२	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	ने.आ.यो.तथ्याङ्क/तथ्याङ्क	२	२	
३	सुपरिवेक्षक	रा.प.अनं प्रथम	ने.आ.यो.तथ्याङ्क/तथ्याङ्क	६	६	
४	नायब सुब्बा	रा.प.अनं प्रथम	नेपाल प्रशासन/सा.प्र.	१	१	
५	गणक	रा.प.अनं द्वितीय	ने.आ.यो.तथ्याङ्क/तथ्याङ्क	५	५	
६	खरिदार	रा.प.अनं द्वितीय	नेपाल प्रशासन/सा.प्र.	१	१	
७	सहलेखापाल	रा.प.अनं द्वितीय	नेपाल प्रशासन/लेखा	१	१	
८	का.स.	श्रेणीविहीन		२	२	करार सेवा
९	ह.स.चा.	श्रेणीविहीन		०	१	करार सेवा
जम्मा				१९	२०	

२.६ तथ्याङ्क समन्वय कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण: तलको तालिकामा तथ्याङ्क समन्वय कार्यालय मोरङमा आ.व. २०८२/८३ सम्म कार्यरत कर्मचारीको विवरण प्रस्तुत गरिएको छ ।

क्र.सं.	कर्मचारीको नाम थर	पद	श्रेणी	सम्पर्क नम्बर
१	सुबास अधिकारी	त.स.अधिकारी	रा.प.द्वितीय	९८५२०३२४८०
२	उषा रिजाल	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	९८४९६०७६९९
३	श्याम कुमार शाह	तथ्याङ्क अधिकृत	रा.प.तृतीय	९८५४०३२५३६
४	सुमन कुमार श्रेष्ठ	सुपरिवेक्षक	रा.प.अनं. प्रथम	९८५२०२८७१५
५	जनकबाबु काफ्ले	सुपरिवेक्षक	रा.प.अनं. प्रथम	९८४२१०४६९५
६	युवराज महत	सुपरिवेक्षक	रा.प.अनं. प्रथम	९८४२११८९४७
७	नारायण कार्की	सुपरिवेक्षक	रा.प.अनं. प्रथम	९८४९४८९७०३
८	पुष्कर प्रसाद गुरागाईं	सुपरिवेक्षक	रा.प.अनं. प्रथम	९८५२०५४४९०
९	शिला चुडाल	सुपरिवेक्षक	रा.प.अनं. प्रथम	९८४२०८४७०१
१०	बालकृष्ण मेहता	नायब सुब्बा	रा.प.अनं. प्रथम	९८४४६३५१४०
११	तारानाथ निरौला	गणक	रा.प.अनं.द्वितीय	९८४१९७१८७८
१२	नारायण ओली	गणक	रा.प.अनं.द्वितीय	९८४२०८७००९
१३	संगीता कार्की	गणक	रा.प.अनं.द्वितीय	९८४२३४९५२१
१४	चन्दन कुमार शाह	गणक	रा.प.अनं.द्वितीय	९८४२४२८२६८
१५	विनम भट्टराई	गणक	रा.प.अनं.द्वितीय	९८६६३२५३६६
१६	राजेन्द्र प्रसाद शर्मा	खरिदार	रा.प.अनं.द्वितीय	९८४२११२६८४
१७	मुकेश राई	सहलेखापाल	रा.प.अनं.द्वितीय	९८५२०८३०९०
१८	मनी कुमारी मिश्र	का.स. (करार)	श्रेणी विहीन	९८१९०४१९४५
१९	मुस्कान तिउसिना	का.स. (करार)	श्रेणी विहीन	९८१९४२६२८६
२०	फुल महमद	ह.स.चा. (करार)	श्रेणी विहीन	९८४२१६३५४१

३. तथ्याङ्क समन्वय कार्यालय मोरङबाट आ.व.२०८२/०८३ मा सम्पादित कार्यहरू

३.१ मूल्य सूचकाङ्क :- राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रत्येक वर्ष त्रैमासिक रूपमा Manufactueing Production Index (MPI), Manufacturing Producers Price Index (MPPI), निर्माण क्षेत्रको लागत सूचकाङ्क तथा कृषिजन्य वस्तुको उत्पादक मूल्य सूचकाङ्क निर्माणको कार्य गरिरहेको छ । सोही सन्दर्भमा आ.व. २०८२/०८३ मा पनि तथ्याङ्क समन्वय कार्यालय मोरङले आफ्नो कार्यालयको कार्यक्षेत्रका जिल्लामा नमूना छनौटमा परेका विभिन्न प्रतिष्ठान तथा गणना एकाइबाट त्रैमासिक रूपमा सो सम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा उपलब्ध गराएको छ ।

मूल्य सूचकाङ्क अन्तर्गत आ.व. २०८२/०८३ मा सम्पादित कार्यहरू

क्र.सं.	कार्यक्रमको नाम	तथ्याङ्क सङ्कलन गर्ने समयावधि
१	Manufacturing Production Index (MPI)	त्रैमासिक
२	Manufacturing Producers Price Index (MPPI)	त्रैमासिक
३	निर्माण क्षेत्रको लागत सूचकाङ्क	त्रैमासिक
४	कृषि वस्तुको उत्पादक मूल्य सूचकाङ्क	त्रैमासिक

३.१.१ MPI, MPPI :- राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखाले हरेक वर्ष त्रैमासिक रूपमा औद्योगिक उत्पादन तथा औद्योगिक वस्तुको मूल्य सम्बन्धी तथ्याङ्क सङ्कलन गरी औद्योगिक उत्पादन मूल्य सूचकाङ्क तथा औद्योगिक वस्तुको उत्पादक मूल्य सूचकाङ्क तयार पार्दै आइरहेको छ । जसका लागि तथ्याङ्क समन्वय कार्यालय मोरङबाट कार्यालयको कार्यक्षेत्रमा पर्ने मोरङ, सुनसरी र उदयपुर जिल्लाका छनोटमा परेका जम्मा ५९ वटा उद्योग प्रतिष्ठानबाट असोज, पौष, चैत्र र आषाढ महिनामा (त्रैमासिक रूपमा) सूचकाङ्क निर्माणका लागि आवश्यक तथ्याङ्क सङ्कलन कार्य हुँदै आएको छ। औद्योगिक उत्पादन मूल्य सूचकाङ्क तथा औद्योगिक वस्तुको उत्पादक मूल्य सूचकाङ्क निर्माणका लागि छनोटमा परेका प्रतिष्ठानको सूची अनुसूची २ मा राखिएको छ ।

३.१.२ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्कः- राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखाले त्रैमासिक रूपमा निर्माण क्षेत्रको लागत सूचकाङ्क निर्माण गर्दै आइरहेको छ । सो का लागि त्रैमासिक रूपमा निर्माण क्षेत्रमा प्रयोग गरिने सामग्रीहरूको प्रचलित बजार मूल्य तथा निर्माण कामदारहरू (डकर्मी, सिकर्मी र ज्यामी) को प्रचलित ज्यालादर सम्बन्धी विवरण सङ्कलन गर्नुपर्ने हुन्छ। यस सर्वेक्षणमा निर्माण सामाग्री (छड, सिमेण्ट, कर्कटपाता, इँट्टा, वालुवा, गिट्टी, ढुंगा, काठ आदिको मुल्य र उक्त कार्यमा संलग्न कामदारहरूको ज्यालादर सङ्कलन गरिन्छ । तथ्याङ्क समन्वय कार्यालय मोरङले आ.व. २०८१/८२ को भदौ, मंसिर, फागुन र जेठ महिनामा साबिक तथ्याङ्क कार्यालय रहेका जिल्लाका (मोरङ, सुनसरी, धनकुटा र उदयपुर) विभिन्न व्यापारिक प्रतिष्ठानबाट त्रैमासिक रूपमा विविध निर्माण सामग्रीको मूल्य सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा उपलब्ध गराएको छ । सूचकाङ्क निर्माणका लागि प्रयोग गरिएका प्रत्येक निर्माण सामग्रीको लागि चार वटै जिल्लाका ५/५ वटा व्यापारिक प्रतिष्ठानबाट जम्मा १२७ वस्तुको मूल्य तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिन्छ ।

३.१.३ कृषि वस्तुको उत्पादक मूल्य सूचकाङ्कः- राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक रूपमा निर्माण गर्दै आएको कृषि वस्तुको उत्पादक मूल्य सूचकाङ्कका लागि तथ्याङ्क समन्वय कार्यालय मोरङले साबिक तथ्याङ्क कार्यालय रहेका जिल्लाका (मोरङ, सुनसरी, धनकुटा र उदयपुर) पाँच/पाँच जना अगुवा

कृषकबाट त्रैमासिक रूपमा विभिन्न कृषिजन्य उत्पादनको उत्पादक मूल्य सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा उपलब्ध गराउँदै आए बमोजिम आ.व. २०८२/०८३ का आश्विन, पौष, चैत्र र आषाढ महिनामा सो तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराउने कार्य सम्पन्न भयो । अगुवा कृषकको सूची अनुसूची १ मा राखिएको छ ।

३.२ राष्ट्रिय लेखा :- राष्ट्रिय तथ्याङ्क कार्यालयले अर्थतन्त्रका विविध गतिविधिहरूलाई समेटेर राष्ट्रिय लेखा सम्बन्धी आँकडाहरू जस्तै कुल गार्हस्थ उत्पादन, कुल राष्ट्रिय उत्पादन, उपभोग, कुल राष्ट्रिय बचत, गार्हस्थ बचत, लगानी आदि सूचकहरू तयार गरी त्रैमासिक तथा वार्षिक रूपमा प्रकाशन गर्दै आएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (तत्कालीन केन्द्रीय तथ्याङ्क विभाग समेत) ले वि.स. २०१८ सालदेखि शुरु गरी वि.सं. २०२२ सालदेखि नियमित रूपमा वार्षिक राष्ट्रिय लेखाका अनुमान तथा वि.सं. २०६७/६८ देखि त्रैमासिक राष्ट्रिय लेखाका अनुमानहरू सार्वजनिक गर्दै आएको छ । आ.व. २०७५/०७६ देखि प्रदेश लेखा सम्बन्धी विवरण समेत वार्षिक रूपमा सार्वजनिक गर्दै आइरहेको छ । यी सूचकहरू तयार गर्न विभिन्न क्षेत्रका Primary तथा Secondary स्रोतका तथ्याङ्क आवश्यक पर्ने भएकाले तथ्याङ्क समन्वय कार्यालय मार्फत विभिन्न क्षेत्रका तथ्याङ्क सङ्कलन कार्य गरिन्छ । राष्ट्रिय लेखा शाखाले त्रैमासिक, वार्षिक तथा Ad-hoc रूपमा सञ्चालन गर्ने निम्न सर्वेक्षण कार्यहरूमा तथ्याङ्क समन्वय कार्यालय मोरङको संलग्नता रहँदै आएको छ । तथ्याङ्क समन्वय कार्यालय मोरङबाट आ.व. २०८१/०८२ मा त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन गरिएका आर्थिक एकाइ तथा प्रतिष्ठानको सूची क्रमशः अनुसूची ३ र ४ मा राखिएको छ ।

३.२.१ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम :- वार्षिक राष्ट्रिय लेखा तथ्याङ्ककका लागि आर्थिक कृयाकलापका हरेक क्षेत्र तथा उपक्षेत्र अनुसार विवरण तथा तथ्याङ्क सङ्कलन कार्य गरिन्छ । जस्तै- स्थानीय निकायको, कृषि फर्मको, तारे होटलहरूको, एफ. एम. रेडियो, मुख्य कार्यालय भएका वैंक, फाइनान्स, सहकारी संस्था, स्टोरेज (गोदाम) हरू आदिको आयव्यय विवरण तथा स्थानीय तहबाट व्यवस्थापन हुने फोहर मैला, स्थानीय तहमा गरिने भवन निर्माणको कुल संख्या र क्षेत्रफल, रेष्टुरेण्ट-होटल संख्या आदि विवरण वार्षिक रूपमा सङ्कलन गरिन्छ । यो कार्य तथ्याङ्क समन्वय कार्यालयहरूले श्रावणदेखि फाल्गुणसम्म सङ्कलन गरी चैत्र महिनाको पहिलो हप्तासमम्ममा डाटा इन्ट्री समेत गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउनु पर्ने प्रावधान बमोजिम आ.व. २०८१/०८२ मा तथ्याङ्क समन्वय कार्यालय मोरङबाट आफ्नो कार्यक्षेत्रका जिल्लाबाट तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराएको छ । वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क अन्तर्गत निम्न क्षेत्रबाट विवरण सङ्कलन गरिन्छ ।

सि.नं.	वा.रा.ले. फाराम नं.	तथ्याङ्क संकलन गर्नुपर्ने स्थान	तथ्याङ्क संकलनका लागि छानिएका संस्था
१	**ANA A1**: सामुदायिक वन	रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सामुदायिक वन (२४)	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने
२	**ANA B1**: खानी तथा उत्खनन्	सबै स्थानीय तह (६०)	सबै स्थानीय तहहरू
३	ANA F**1**: भवन तथा सडक निर्माण	सबै स्थानीय तह (६०)	सबै स्थानीय तहहरू
४	ANA H**1**: स्टोरेज	क) तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लाहरूमा कुल दश वा सो भन्दा कम सङ्ख्याका स्टोरेज भएमा सबै स्टोरेजबाट। ख) दशभन्दा बढी भएमा कम्तिमा ११ र बढीमा १५ ओटा स्टोरेजबाट	स्टोरेजहरू छनोट गर्नु पर्ने भएमा तथ्याङ्कीय विधि प्रयोग गरेर सबै स्टोरेजको प्रतिनिधित्व हुने गरी तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।
५	**ANA I1**: होटल तथा रेष्टुरेण्ट	क) पाँच र चार तारे सबै होटलहरू (३) ख) अन्य तारे होटलहरूमध्ये प्रत्येक जिल्लाबाट उपलब्ध भएसम्म बढीमा ३/३ वटा ग) अन्य होटल तथा रेष्टुरेण्टमध्ये तोकिएबमोजिमको सङ्ख्यामा (४४)	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।
६	**ANA J**1 : एफ. एम. रेडियो	प्रत्येक जिल्लाबाट १/१ वटा	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।
७	**ANA J**2: केबुल टेलिभिजन	प्रत्येक जिल्लाबाट १/१ वटा	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने।
८	**ANA_Cop.:** सहकारी (बचत तथा ऋण) संस्था	रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका सहकारी संस्था (९)	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने

वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कका लागि सबै क्षेत्रको तथ्याङ्क संकलन गरी हरेक आर्थिक वर्षको चैत महिनाको पहिलो हप्तासम्ममा प्रविष्टि कार्य सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा पठाइसक्नु पर्दछ ।

३.२.२ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम

राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक रूपमा राष्ट्रिय लेखाका अनुमानहरू सार्वजनिक गर्दै आइरहेको छ । यसै सन्दर्भमा तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक रूपमा आवश्यक पर्ने आर्थिक कृयाकलापका विभिन्न क्षेत्रको तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा उपलब्ध गराउँदै आएको छ ।

त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क अन्तर्गत निम्न क्षेत्रबाट विवरण सङ्कलन गरिन्छ ।

सि.नं.	त्रै.रा.ले. फाराम नं.	तथ्याङ्क संकलन गर्नुपर्ने स्थान	तथ्याङ्क संकलनका लागि छानिएका संस्था
१	QNA_A1: कृषि	सबै जिल्ला	कृषि ज्ञान केन्द्र
२	QNA_A2: पशुपन्छी	सबै जिल्ला	पशु सेवा कार्यालय/कृषि ज्ञान केन्द्र
३	QNA I1: तारे होटल	सबै तारे होटल	सबै तारे होटलहरू
४	QNA I2: होटल तथा रेष्टुरेण्ट	रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका होटल तथा रेष्टुरेण्ट	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका)
५	QNA_E1: खानेपानी उपभोक्ता समिती	रातकाबाट उपलब्ध गराइएको सङ्ख्या अनुसारका खानेपानी उपभोक्ता समिती	तथ्याङ्क समन्वय कार्यालयले छनोट गर्ने (गत आ.व. मा छनोट भएका)
६	QNA H1: सवारी साधन विवरण	सबै यातायात व्यवस्था कार्यालय	तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सबै जिल्लास्थित यातायात व्यवस्था कार्यालय

त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रमको विवरण विवरण प्रविष्ट गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइसक्नुपर्ने समय सीमा निम्नानुसार रहेको छ ।

- प्रथम त्रैमासिकको: मंसिरको तेस्रो हप्ताभित्र
- दोश्रो त्रैमासिकको: फाल्गुनको तेस्रो हप्ताभित्र
- तेश्रो त्रैमासिकको: जेष्ठ तेस्रो हप्ताभित्र
- चौथो त्रैमासिकको: भाद्र तेस्रो हप्ताभित्र

३.२.३ राष्ट्रिय लेखा आधार वर्ष परिवर्तन (Rebasing) का लागि सञ्चालित गणना, सर्वेक्षण तथा अध्ययन कार्य:- राष्ट्रिय लेखा शाखाबाट राष्ट्रिय लेखा प्रणालीले निर्दिष्ट गरे अनुसार विभिन्न आर्थिक क्रियाकलापहरूको लेखाजोखा गरी कुल गार्हस्थ उत्पादन र यसमा आधारित अन्य सूचकहरू अनुमान

गरिन्छ । गतिशील आर्थिक गतिविधिलाई समय सापेक्ष अद्यावधिक गरी यी सूचकहरूलाई भरपर्दो र विश्वसनीय बनाउने क्रममा राष्ट्रिय लेखाका आधार वर्षलाई कम्तिमा १० वर्षको अन्तरालमा परिवर्तन गर्ने क्रममा वि.स. २०७७/७८ लाई नयाँ आधार वर्ष तय गरी SNA 2008 अनुसार रा.त.का.ले विभिन्न ३२ वटा क्षेत्रमा गणना, सर्वेक्षण तथा केही अध्ययनहरू गर्ने लक्ष्य राखी कार्य सम्पन्न गरेकोछ । यसै सन्दर्भमा आ.व.२०८२/०८३ मा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तोकिए बमोजिम तथ्याङ्क समन्वय कार्यालय मोरङले विभिन्न ४ वटा क्षेत्र का ९७२ प्रतिष्ठान/गणना एकाईबाट नमूना सर्वेक्षणका लागि तथ्याङ्क सङ्कलन कार्य गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको सम्बन्धित शाखामा उपलब्ध गराएको छ । यस अर्न्तगत व्यावसायिक तरकारी बाली सर्वेक्षण १३०, निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण २२९, स्थल यातायात सर्वेक्षण २६८ र सहकारी सर्वेक्षण ३४५ रहेका छन् ।

मूल्य सूचकाङ्क तथा राष्ट्रिय लेखा शाखा अन्तर्गत नियमित रूपमा सम्पादन हुने कार्यको कार्यतालिका

क्र.सं.	कार्यक्रमको नाम	तथ्याङ्क सङ्कलन गर्ने समय	कैफियत
१	Manufacturing Production Index (MPI)	आश्विन, पौष, चैत्र, आषाढ	त्रैमासिक
२	Manufacturing Producers Price Index (MPPI)	आश्विन, पौष, चैत्र, आषाढ	त्रैमासिक
३	निर्माण क्षेत्रको लागत सूचकाङ्क	भदौ, मंसिर, फागुन र जेठ	त्रैमासिक
४	कृषि वस्तुको उत्पादक मूल्य सूचकाङ्क	आश्विन, पौष, चैत्र, आषाढ	त्रैमासिक
५	वार्षिक राष्ट्रिय लेखा	फाल्गुण मसान्तसम्म	वार्षिक
६	त्रैमासिक राष्ट्रिय लेखा	मंसिर, फागुन, जेठ र भदौ महिनाको तेस्रो हप्ताभित्र	त्रैमासिक

माथिको तालिकामा तथ्याङ्क समन्वय कार्यालयबाट नियमित रूपमा सम्पादन हुँदै आएका कामहरूको तथ्याङ्क सङ्कलन गर्ने अनुमानित समय महिनामा राखिएको छ । तथ्याङ्क सङ्कलन पश्चात भरिएका प्रश्नावली रुजु गरी तोकिए बमोजिम ढाँचामा कम्प्युटरमा प्रविष्ट गरी सम्बन्धित शाखामा उपलब्ध गराउने गरिएको छ ।

३.३ राष्ट्रिय आर्थिक गणना २०८२

